"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक,आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी

पत्र संख्याः १०८-२०८०/८१

चलानी नम्बरः ८३१८

मितिः २०८०।०८।२५

**विषयः कक्षा ६ को स्थानीय पाठ्यपुस्तक कार्यान्वयन सम्बन्धमा ।**

श्री सबै विद्यालयहरु, (सामुदायिक तथा संस्थागत)

धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा नेपालको संविधान, २०७२ को मर्म र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावना एवम् मर्मलाई अवलम्बन गर्दै हरेक स्थानीय तहले राष्ट्रिय पाठ्यक्रमको खाकाभित्र रही आफ्नो पहिचान स्थापित गराउन स्थानीय आवश्यकता संवोधन गर्ने गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने व्यवस्था रहेकोमा यस उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको लागि निर्माण कार्यदल गठन भई सो कार्यदलले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण कार्य अगाडि बढाइरहेको सर्वविदितै छ । यसै क्रममा कक्षा ६ को निर्मित पाठ्यपुस्तक यसै शैक्षिक सत्रबाट कार्यान्वयन गर्ने निर्णय भएकाले सोहीबमोजिम सम्पूर्ण विद्यालयहरुले कक्षा ६ मा स्थानीय पाठ्यपुस्तक पठनपाठनको व्यवस्था गर्नु गराउनुहुन अनुरोध छ । स्थानीय पाठ्यपुस्तक छपाइका क्रममा रहेकाले Soft Copy विद्यालयलाई इमेल गरिएको छ, इमेल प्राप्त नगर्ने विद्यालयले शिक्षा, युवा तथा खेलकुद महाशाखामा सम्पर्क गर्नुहुनसमेत अनुरोध छ ।

.......................................

गणेश प्रसाद खतिवडा

महाशाखा प्रमुख

गणेशप्रसाद खतिवडा
शिक्षा महाशाखा प्रमुख

बोधार्थः

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्री सूचना शाखा धरान उपमहानगरपालिका – पत्र **Website** मा राखिदिनु हुन ।

श्री प्याब्सन धरान- निर्णय कार्यान्वयनका लागि ।

श्री एन. प्याब्सन धरान - निर्णय कार्यान्वयनका लागि ।